मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयाबाट बन्दुक सहित न्यासुर पक्राउ

हेटौंडा, २७ मंसिर/बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले बकैया गाउँपालिका-११ मा भरुवा बन्दुकसहित एक जनालाई पक्राउ गरेको छ ।

स्थानीय ३७ वर्षीय सोमबहादुर न्यासुरले घरमा अवैध भरुवा बन्दुक लुकाई राखेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरीले उनलाई पक्राउ गरेको हो । प्रहरीलाई प्राप्त सूचनाका आधारमा इलाका प्रहरी कार्यालय ठिंगनबाट टोली खटिएर न्यासुरको घर खनतलासी गर्दा घरको चोटाबाट भरुवा बन्दुक २ थान र सोही बन्दुकमा लाग्ने बारुद छर्रा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । यसअघि पनि प्रहरीले बन्दुकसहित हेटौंडाबाट तीन जनालाई पक्राउ गरेको थियो ।

### अधिकार माग्न सरकारसँग सरकार लड्दै

# संघसँग छिनोफानो खोज्न हेटौंडामा सातै प्रदेशका मुख्यमन्त्री जुट्दै

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ संवैधानिक अधिकार खोज्दै देशका सातवटै प्रदेशका मुख्यमन्त्रीदेखि गृहमन्त्रीहरु संघीय सरकारसँग वार्ता र छलफलमा जुटिरहेका छन् ।

१५-१६ असारमा पोखरामा मुख्यमन्त्रीहरुको अन्तरप्रदेश बैठक र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकमा प्रदेशले संवैधानिक व्यवस्थाअनुसार नपाएका अधिकारहरु बारे गहन छलफल भएको थियो ।

मुख्यमन्त्रीहरुले प्रधानमन्त्री प्रचण्डसँग संघीयता कार्यान्वयनको गतिरोध अन्त्य गर्ने भन्दै ६ महिने अल्टिमेटमसहितको एउटा निर्णय गरेका थिए । तर, मंसिर सकिनै लाग्दा पनि संघीय सरकार प्रदेशलाई संवैधानिक अधिकार दिन इच्छुक नदेखिएको भन्दै मुख्यमन्त्री फेरि तातिएका हुन् ।

पोखरामा भएको बैठकमा मुख्यमन्त्रीहरुले संघीय सरकारले आवश्यक कानुन नबनाउँदा प्रदेशहरुले काम गर्न नसकेको, योजना कार्यान्वयन र बजेट खर्च हुन नसकेको र प्रदेशको औचित्यमाथि नै प्रश्न उठेको भन्दै संघीयता कार्यान्वयनमा जोड दिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । त्यहाँ विभिन्न ६ वटा निर्णय भएका थिए । तर, हालसम्म कुनै निर्णय कार्यान्वयनको चरणमा नपुगेकोले संघीय सरकार सँग छिनोफानो खोज्न हेटौंडामा सातै प्रदेशका मुख्यमन्त्रीहरु जुट्ने भएका छन् । आगामी १३ पुसमा हेटौंडामा मुख्यमन्त्रीहरुको बैठक हुने भएको हो ।



गण्डकी प्रदेश सरकारले बुधबार पोखरामा प्रदेश विकास समस्या समाधान समितिको बैठक राखेको थियो । नीति तथा योजना आयोगले गरेको कार्यक्रममा अध्यक्षता गरेका गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डेमाथि स्थानीय तहका प्रमुख, उपप्रमुखहरुले संघीयता कार्यान्वयको निम्ति भइरहेको प्रयासबारे प्रश्न गरेका थिए । जग्गाप्राप्ति, कर्मचारी व्यवस्थापन, राजश्वका स्रोतमा अहिले पनि समस्या रहेको भन्दै राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा कुरा राख्न स्थानीय तहहरुले आग्रह गरेका थिए । प्रदेश विकास समस्या समाधान समितिको बैठकले १३ पुसमा हेटौंडामा भेला गरेर साझा योजना बनाएर अघि बढ्ने नीति लिएको छ ।

संघीयता कार्यान्वयनका जटिलता फुकाउने भन्दै पोखरामा गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेको नेतृत्वमा भएको समन्वय परिषद्को बैठकले विभिन्न समिति गठन गर्दै ६ महिनाभित्र संघीयताको गाँठो फुकाउने निर्णय गरेको थियो । ६ महिनाको समयसीमा पुस १५ गते सकिँदै छ । संघीय सरकार लाई दिएको अल्टिमेटम सकिन दुईदिन बाँकी हुँदा अर्थात १३ पुसमा हेटौंडामा मुख्यमन्त्रीहरुले भेला राखेका हुन् । हेटौंडामा बैठक राखेर छिनोफानो गर्न लागेको गण्डकीका मुख्यमन्त्री पाण्डेले बताएका छन् । निर्णय कार्यान्वयनमा संघले तदारुकता नदेखाएको पाण्डेको भनाई छ ।

'निर्णय कार्यान्वयन गर्ने तहमा संघले तदारुकताका साथ काम अघि बढिरहेको बुझ्न सकेनौं । त्यसैले यही १३ गते हेटौंडामा मुख्यमन्त्रीहरुको भेला राखेका छौं', पाण्डेले भने । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेशका सचिव निश्चलराज पाण्डेले पनि मुख्यमन्त्रीहरुको बैठकको तयारी भइसकेको जानकारी दिए । संघ सरकारसँग संघीयता कार्यान्वयनका बारेमा छिनोफानो गर्ने मनस्थितिमा पुगेरै बैठक राखिएको उनले बताए ।

बागमती प्रदेश सरकारे अधिकार माग्दौ यसअघि नै सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो । रिट निवेदनको सुनुवाई हुन सकेको छैन । प्रदेश प्रहरी समायोजनको विषयलाई लिएर बागमती सरकार संघ सरकारसँग रुष्ट छ । प्रदेशको पहिलो कार्यकालमा बागमतीको आन्तरिक मामिला तथा कानुनमन्त्री रहेका हालका मुख्यमन्त्री शालिकराम जम्कट्टेल प्रदेश प्रहरी समायोजन लगायतका अधिकारको विषयमा निरन्तर वकालत गर्ने नेतामा पर्छन् । तर, साढे ३ वर्ष कानुनमन्त्री भएका उनले प्रहरी समायोजनको विषयमा प्रदेशलाई अधिकार दिलाउन सकेका थिएनन् ।


उनै, जम्कट्टेलको नेतृत्वमा हेटौंडामा भेला राखेर अधिकारका लागि संघ सरकारसँग लड्ने मनस्थितिमा प्रदेश सरकारहरु पुगेको बुझिन्छ । संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन नबनाउँदा प्रदेशहरुले काम गर्न नसकेको, योजना कार्यान्वयन र बजेट खर्च हुन नसकेको र प्रदेशको औचित्यमाथि नै प्रश्न उठेको भन्दै मुख्यमन्त्रीहरुले बारम्बार आवाज उठाउँदै आएका छन् । मुख्यमन्त्रीहरुले दोहोरो अनुदान बन्द गर्ने, एउटै प्रकृतिको कामको लागि स्थापना भएका अलग, अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपन हटाउने र तादात्म्यता कायम गर्ने विषयमा संघ सरकारसँग सहमति गरेका थिए ।

यसैगरी, संविधानमा संघ र प्रदेशको साझा सूचीमा राखिएका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, संघीयता कार्यान्वयनका लागि अत्यावश्यक कानुन बनाउने र बनेका कानुन कार्यान्वयन गर्ने, प्रदेशले जग्गा प्राप्ति गर्न सक्ने गरी कानुन परिमार्जन गर्ने निर्णय समन्वय परिषद्को बैठकले गरेको थियो । तर, मुख्यमन्त्रीहरु संघीय सरकारले निर्णय नै कार्यान्वयन गर्न चासो नदेखाएको निष्कर्षमा पुगेका हुन् । काम गर्ने हुटहुटी हुँदा पनि अधिकार नपाएकै कारण काम गर्न नसकेको भन्दै आएका मुख्यमन्त्रीहरु अधिकारका लागि अन्तिम पहल गर्ने बताइरहेका छन् ।

# मकवानपुरमा मध्यवर्ती क्षेत्रको नयाँ सीमांकन गराउन पहल

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिकाको विभिन्न भू-भागमा पर्ने पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रलाई नयाँ सीमांकन गराउन पहल थालिएको छ ।



जनता समाजवादी पार्टी (जसपा) मकवानपुरले जिल्लामा मध्यवर्ती क्षेत्रको नयाँ सीमांकनका लागि वन मन्त्रालय, भूमिसुधार मन्त्रालयमा गएर पहल सुरु गरेको हो । जसपा मकवानपुरका सचिव दीपक सिन्तानले वन ऐन, निकुञ्ज ऐन र भूमिसम्बन्धी ऐन बाझिएकाले मध्यवर्ती क्षेत्रको जग्गा नापी हुन नसकेको जानकारी गराउँदै मध्वर्ती क्षेत्रको नयाँ सीमांकन अपरिहार्य रहेको बारे ज्ञापनपत्र बुझाइएको बताए । जसपा मकवानपुरले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र वनमन्त्री, भूमिमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

मध्यवर्ती क्षेत्रबाट विकसित समस्या समाधानको आश्वासन पाएको सचिव सिन्तानले बताए । हेटौंडा र मनहरीको विभिन्न भूभागमा पर्ने मध्यवर्ती क्षेत्र स्थानीयको टाउको दुखाइको विषय बनेको छ । स्थानीयले मध्यवर्ती क्षेत्र भएकै कारण आफूले भोगचलन गरेको जग्गाको लालपुर्जा पाउन सकेका छैनन् । मध्यवर्ती क्षेत्रमा पर्ने जग्गा नापी हुन नसकेर उनीहरुले पुर्जा पाउन नसकेका हुन् । उता जंगली जनावरको पनि त्राश छ । पर्सा राष्ट्रिय निकुञ्जबाट निस्कने जंगली जनावरले कतिपयको ज्यान लिनुका साथै जनधनको क्षति पुऱ्याइरहेको छ ।

मध्यवर्ती क्षेत्रको ऐन संशोधन नगरेसम्म समस्या समाधान नहुने भन्दै सिन्तानले ऐन संशोधन कुनै एउटा मन्त्रालयले चाहेर मात्र नहुने बताए । भेटका क्रममा प्रधानमन्त्री, मन्त्रीहरुले ऐन संशोधन गर्ने र यसका लागि प्रक्रिया सुरु गरिहाल्ने विश्वास दिलाएको बताए । मध्यवर्ती क्षेत्रलाई नयाँ सीमांकन नगरेसम्म समस्या समाधान नहुने सचिव सिन्तानले बताए । नयाँ सीमांकन गरेर सीमाना सार्नैपर्ने भएकाले यस विषयमा जसपाले पहल सुरु गरेको र यसको टुंगो लगाएरै छाड्ने सिन्तानको दाबी छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

# मनहरीमा ट्रकको ठक्करबाट विद्यार्थीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा ट्रकको ठक्करबाट स्थानीय एक जना विद्यार्थीको मृत्यु भएको छ ।

बुधबार बिहान १० बजे मनहरी गाउँपालिका-७ रमनाटार स्थित पूर्वपश्चिम सडकखण्डमा दुर्घटना हुँदा एक जना विद्यार्थीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । चितवनबाट हेटौंडा जाँदै गरेको ना ५ ख ३७८३ नम्बरको ट्रकले पैदल हिँडिरहेका अन्दाजी ६ वर्षीय उमेश प्रजालाई ठक्कर दिएको थियो ।

राष्ट्रिय आधारभूत विद्यालय रमनटारमा कक्षा १ मा पढ्ने प्रजा ट्रकको ठक्करपछि गम्भीर घाइते भएका थिए । उनको उपचारको लागि चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुरमा पठाइएको थियो । त्यहाँ उपचारको क्रममा मध्यान्ह पौने १२ बजे मृतघोषणा गरिएको थियो ।

प्रहरीले ट्रक चालकलाई पनि नियन्त्रणमा लिएको छ । प्रहरीले घटनाको थप अनुसन्धान अघि बढाएको छ ।

मेला हेर्न हेटौंडा आऔं
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८४५०६८८७३, ९८४५१०५३८०१
मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,
दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित
प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०
मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# मेला महोत्सवको औचित्य

आर्थिक मन्दीको चपेटामा रहेको ब्यापार/ब्यवसायमा चहलपहल बढाउने भन्दै ब्यापार मेलाको लहर चलेको छ । थाहानगरमा आयोजना भएको थाहा महोत्सव सकिए पछि हेटौंडामा खेलकुदको नाममा अर्को मेलाको तयारी थालिएको छ । पुसको पहिलो साता बसपार्कमा वडा कार्यालयले पनि मेला आयोजना गर्दैछ । खासमा यो मेला वा महोत्सवको औचित्य कति छ भन्ने बिषयमा कतै बहस भएको पाईंदैन । खेलकुद विकास समितिको खेलकुद क्षेत्रको मेला वा महोत्सर्व गर्नु जायज हो तर, खेलकुद विकास समितिले ब्यापार मेलाको आयोजना गर्दा त्यसको प्रभावकारिता कति हुन्छ ? मेला/महोत्सव भनेको उत्पादक र उपभोक्ताको सीधा सम्पर्क हुने माध्यम हो । बिगतमा उत्पादक र उपभोक्ताको सीधा सम्पर्क हुने अवस्था थिएन । २/४ वर्षको अवधिमा मेला वा महोत्सव गरी उत्पादक र उपभोक्ताबीचको सामिप्यता खोजी गरिन्थ्यो । तर, अहिलको समयमा कुनैपनि उत्पादनका उपभोक्ताले गुगलमा सर्च गरेर त्यसको सबै विवरण थाहा पाएर अनलाइनमार्फत् सामान अर्डर गरिरहेका हुन्छन् । उत्पादक र उपभोक्ताबीच ईन्टरनेटको माध्यमबाट सीधा सम्पर्क हुने अवस्था छ ।

कुनैपनि उत्पादकले आफ्नो उत्पादनलाई बजारीकरण गर्ने क्रममा बिगतमा ब्यापारमेलामार्फत् स्याम्पल बितरण गर्ने उपभोक्ताको रुची बारे थाहा पाउने गरेका थिए । तर, बर्तमान बजारको रुपरेखा त्यस्तो छैन । नेपाली समाजमा ब्यापार मेलालाई सही रुपमा उपयोग गर्न सकिएको छैन । युरोपमा हरेक वर्ष यस्ता ब्यापार मेला आयोजना गरिन्छ, जुन फरकफरक देशमा हुन्छ । स्यान्जेन मुलुकमा एक वर्ष मेला आयोजना गरेपछि तीन दसकपछि मात्र त्यो देशले मेलामहोत्सव आयोजना गर्ने पालो पाउँछ । मेलामहोत्सव ब्यवस्थापन गर्ने कम्पनीले आगामी वर्ष कुन देशमा हुने भन्ने घोषणा चालु वर्षमै गरेको हुन्छ । हाम्रो छिमेकी देश भारतमा पनि फरकफरक बिधाका महोत्सवहरु फरकफरक सहरमा आयोजना गर्ने गरिएको छ । उदाहरणका लागि भारतको कोलकातामा मेशिनरीको मेला/महोत्सव भयो भने अर्को मुम्बै सहरमा अटोको मेलामहोत्सव आयोजना गरिन्छ । पञ्जावको अंमृतसरमा कपडाको मेलामहोत्सव गरियो भने ब्याङ्लोरमा आइटीको मेला आयोजना गरिन्छ । तर, हाम्रो समाजमा यस्तो अवस्था छैन । धेरै मेला/महोत्सवहरु नक्कलको रुपमा दोहोरिन्छन् । बिगतका दिनमा मेला/महोत्सवको महत्व धेरै थियो तर, आजभोलिका मेला/महोत्सवको आकर्षण कम हुँदै गएको छ । दर्शक वा उपभोक्ताले मेला/महोत्सवलाई सामान्य रुपमा लिन थालेका छन् । कलाकार ल्याएर चौरमा धुलो उडाउने भन्दा थप उपलब्धी देखिन छोडेको छ । बिगतमा धेरै ग्रामीण बस्तीमा साप्ताहिक हाटबजार लाग्ने गरेको थियो । अहिले हाटबजारको महत्व पनि न्यून भएको छ । तराईका सहरमा यद्यपी हाटबजारको चलन कायमै छ ।

मेला वा महोत्सवलाई फरक ढंगले संचालन गर्ने बिषयमा आयोजकहरुले अध्ययन अनुसन्धान पनि गरेका छैनन् । नाम चलेका कलाकार ल्याएर चौरमा धुलो उडाउने र मेला सफल भएको घोषणा गर्ने अभ्यासबाट अलिकति अगाडि बढ्नु जरुरी छ । उपभोक्तामुखी मेलामहोत्सवको आयोजना गर्ने बिषयमा बहस चलाउने हो कि ? स्थानीय घरेलु उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्य सहित हेटौंडा-१० बसपार्कमा पुसको २ र ३ गते मेला सञ्चालन हुने भएको छ । हेटौंडा उपमहानगर पालिका-१० नम्बर वडा कार्यालयले राखेको घरेलु उत्पादनको मेलासम्म ठीक छ तर, त्यो मेलामा नृत्य प्रतियोगिताको अर्थ के छ त ? मेलामहोत्सवमा दर्शक बटुलेर धुलो उडाउनका लागि नृत्य गर्न खोजिएको हो भने यसमा भन्नु केही छैन । मेलामहोत्सवको माहोल तताउन र चौरको धुलो उडाउन मात्र खोजएको हो भने योअभियानलाई मेलामहोत्सव भन्दा पनि संगीतमय भेला भन्दा भइहाल्छ । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, उत्पादित बस्तुको बजारीकरण गर्ने, उपभोक्ता र उत्पादक वा बितरकबीच सम्पर्क कायम गर्ने, बजारीकरणको सिर्जनामा सहयोग पुर्‍याउने उद्देश्यले मेलामहोत्सब आयोजना गर्दा सबैपक्षको सहयोग जुट्ला । नत्र एकाथरी मेला ओजना गर्ने र अर्काथरी मेला भड्काउन खोज्ने वातावरण सृजना भयो भने यसको परिणाम के आउला ? एकातिर बिरोधको स्वर गुन्जायमान हुँदै जाने आयोजकले तयारी गर्दै जाने अवस्था आयो भने महोत्सवको उद्देश्य पुरा नहुन पनि सक्छ । यो बिषयमा आयोजकले बेलैमा ध्यान पुर्‍याउनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २९ गते शुक्रबार, १५ डिसेम्बर २०२३ । तृतीया, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४८, सूर्यास्त ५:०९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारबाट फाइदा हुनेछ | तुला | : सामाजिक काममा रुचि बढ्नेछ |
| वृष | : मन प्रशन्न हुने देखिन्छ | वृश्चिक | : यात्रामा कष्ट मिल्नेछ |
| मिथुन | : नयाँ काम गर्न जागर आउनेछ | धनु | : त्रासमय दिन हुनेछ |
| कर्कट | : बोल्दा विचार पुर्‍याउनु पर्नेछ | मकर | : खानपिन राम्रो हुनेछ |
| सिंह | : पढाइमा सहयोग मिल्नेछ | कुम्भ | : शरीरमा बाधा पुग्न सक्नेछ |
| कन्या | : रिसाउने बानीले हानि पुग्नेछ | मीन | : मन पर्ने उपहार पाइने योग छ |

# नेपाल आप्रवासन नीति नभएको तर आप्रवासीले चलाएको देश



मेखराज उदय

पञ्चायतको अन्तिम वर्षतिर सोचिएको उदार अर्थनीतिलाई बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै संस्थागत गरी चलायमान गर्न थालियो । यद्यपि उदार राजनीतिक पद्धतिसँगै संस्थागत भएको खुला आर्थिक खाका तीन दशक पुग्दानपुग्दै आर्थिक वृद्धिका सूचक हेर्दा र सर्वसाधारण नागरिकको जीवनस्तर नियाल्दा नाङ्गो, रित्तो र कंगाल जस्तो महसुस हुन्छ ।

यसरी २०४६ सालपछिको झण्डै साढे तीन दशकको अवधि हेर्दा नेपालको उदार अर्थतन्त्र अर्थात् खुला बजार भनेको नाङ्गो बजार हो । हामीले यसरी खोलिदियौं कि जसले जे गरे पनि हुन्छ । नाङ्गो यस अर्थमा कि मुलुकले अङ्गीकार गरेको राजनीतिक प्रणालीले आफ्नो बजारलाई नियमन गर्दै सन्तुलनमा राख्नुपर्नेमा यहाँ त उल्टो भइरहेको महसुस हुन्छ । बजार र यसमा अन्तर निहित दलालले पो हाम्रो प्रणाली र राजनीतिक नेतृत्वलाई नै सञ्चालन गरेको देखिन्छ ! त्यो हो र उदारवादी प्रणालीको खुला अर्थ नीति ?

ब्राजिल, मलेसिया र मैले काम गरेका फिलिपिन्स, मध्य एशिया र पूर्वी युरोप लगायत देशमा पनि खुला बजार अर्थतन्त्र नै हो । तर उनीहरूको राज्यले नियमन गर्छ । हाम्रोमा भने राजनीति र राज्य संयन्त्रलाई बजार ले नियमन गर्दियो ।

खुला अर्थनीतिको विभिन्न चरित्रमध्ये एक हो- समाजमा आर्थिक रूपमा रहेको वर्गीय खाडललाई अझ गहिरो बनाउनु । हाम्रो जस्तो खुला बजारको नाममा अनियन्त्रित, अपरिपक्व र दलाली चरित्रको बजारले रोजगारी सृजनामा योगदान गर्नेभन्दा पनि सानो काम गर्न, गराउन र कतिसम्म भने सामान्य ज्याला मजदुरीका लागि पनि कि त राजनीतिक पहुँच हुनुपर्छ कि त रोजगारदाता भनिएकासँग असमान सम्झौता गरी न्यून, असमान ज्यालामा ठगिनुपर्छ । केही अपवाद बाहेक समग्र हाम्रो घरेलु श्रमबजारको चरित्र यही होइन र ?

एकातिर विगत साढे तीन दशकदेखि हाम्रो राजनीतिक पद्धतिले औपचारिक रूपमै विश्व श्रम बजारसम्म विस्तार गरेको रोजगारीको अवसर, अर्कोतिर त्यही राजनीतिक प्रणालीले नियमन गर्न नसकेर दलालीकरण मौलाएको आन्तरिक श्रम बजार । यो अवस्थाबाट आजित युवा श्रमिक नै वास्तवमा विदेशी रोजगारीका लागि भौंतारिने क्रममा विश्व श्रमबजारमा पुगेको र त्यो क्रम बढ्दो छ ।

आप्रवासन नीतिलाई पनि राजनीतिक व्यवस्थाले दिशानिर्देश गर्छ । आफ्नै समाज र देशमा रोजगारी दिनसक्ने भिजन हाम्रो राजनीति र नेतृत्वसँग भएन । सँगसँगै हाम्रो राजनीतिक प्रणालीले बेरोजगारहरूलाई विदेश पठाउन सहजीकरण गर्छ, रोक्दैन । फलत: रोजगारीको खोजीमा मानिस विदेशिन्छ ।

प्रविधि निर्देशित निर्णयहरूले पनि वैदेशिक रोजगारीलाई सहजीकरण गरेको छ । एकजना विदेश जान्छ, उसले दु:ख होइन, सुखका पलहरू सामाजिक सञ्जालमा शेयर गर्छ । साथीभाइसँग यही विषयमा सन्देश आदानप्रदान हुन्छ । यस्तो अवस्थामा स्वदेशमा सानोतिनो काम हुँदाहुँदै पनि तुलनात्मक लाभको खोजीमा मानिस विदेशिन्छ ।

उसो त श्रम आप्रवासनले नेपाली समाज, राजनीति, अर्थनीति र आम संस्कृतिको अनिवार्य आयामको रूपमा जरा गाडिसकेको छ । तर पनि अन्य मुलुकको तुलनामा नेपालमै केही गर्न सक्ने सम्भावना अझै पनि नभएको होइन, चाहे दलाली घरेलु श्रम बजारलाई छिचोलेर, हस्तक्षेप गरेर, त्यससँग लडे-भिडेर होस् वा आफैं सानोतिनो व्यवसाय गरेर स्वरोजगारीको बाटो खोजेर होस् । तर ती आन्तरिक सम्भावनालाई खोतल्नुभन्दा युवा श्रम बाहिर बढी आकर्षित हुनुका जति सामाजिक र आर्थिक कारण छन् त्यति नै भूमिका प्रविधिको पनि भेटिन्छ ।

सञ्चारको सुविधाले युवायुवतीलाई संसारको कुन भूगोल सबैभन्दा राम्रो छ भन्ने जानकारी हुन्छ । किराना पसल जाँदा पनि कुनमा सस्तो र राम्रो पाइन्छ भनेर तुलना गर्दै हिंड्नु मानवीय स्वभाव हो । हाम्रो देशमा माहोल नै जाऔं जाऔं भन्ने छ । यसलाई राजनीतिले पनि सहजीकरण र संरक्षण गरिरहेको छ । राज्यले एकजना नागरिक वैदेशिक रोजगारीमा जाँदा सामना गर्नुपर्ने जोखिमबाट संरक्षण गर्न पनि सकिरहेको छैन ।

त्यसो त, हाम्रोमा श्रम आप्रवासनका सन्दर्भमा नकारात्मक भाष्य धेरै छ । अहिले हाम्रो जस्तो देशै रित्तियो, अवस्था भयावह छ, दैनिक यति लास आइरहेछ, गाउँबस्ती खाली भयो जस्ता नकारात्मक संकथन सन् १९६० को दशकमा फिलिपिन्समा थियो । एउटा लासको चर्चा हुन्छ तर ५० जनाले सीप सिकेर आएको चर्चा हुँदैन । त्यहाँको श्रम आप्रवासन दोस्रो विश्वयुद्धपछि फस्टाएको हो । आप्रवासनमा ५० वर्षको अनुभवले खारिएर अहिले फिलिपिन्स पहिला भन्दा व्यवस्थित भएको छ ।

हामीले आप्रवासनमा फिलिपिन्सको पाँच दशक लामो अनुभवबाट सिक्नुपर्छ तर के भुल्नुहुँदैन भने उनीहरू हामीभन्दा बढी पीडाबाट गुज्रिएर यहाँसम्म आइपुगेका हुन् । हामीले त्यहाँको आफ्ना नागरिक जहाँ पुगे पनि अभिभावकीय भूमिका प्रदान गरिरहन सक्ने संरक्षण संयन्त्रबाट सिक्नुपर्छ ।

फिलिपिनी महिला घरेलु कामदारका रूपमा संसारका कैयौं मुलुकमा जान्छन् । उदाहरणको लागि राजनीतिक पद्धतिको दायरा अलिक साँघुरो भए पनि खुला बजारलाई आर्थिक मियो ठान्ने हङकङ, साउदी अरब, मलेसिया जस्ता देश फिलिपिनी महिलाहरूको घरेलु श्रमिकको रूपमा मुख्य श्रम गन्तव्य बनेका छन् । हङकङमा त उनीहरूबीच असाध्यै बलियो युनियन छ । काम, आराम र ज्याला बारे सबै कुरा स्पष्ट छ ।

मलेसियामा पनि संगठित हुने क्रम बढ्दो छ । मैले आफैं फिलिपिनी घरेलु श्रमिक महिलाहरूको संगठनलाई गत महिना मलेसियामा भेटें । उनीहरूका कार्यस्थल सुरक्षा, उचित ज्याला, रोजगारदाताबाट हुनसक्ने लैंगिक हिंसा लगायत आप्रवासी हुनाका कारण भोग्नुपर्ने उत्पीडन र शोषण जस्ता समस्यालाई सम्बोधन गर्ने रणनीति सुन्दा निकै प्रभावित भएँ । हिंसामा परियो भने राजदूतावासमा सम्पर्क गर्ने, राजदूतावासले तत्काल काम गरिहाल्ने, दुई देशबीच कुरा गर्ने र पीडितलाई संरक्षण गरिहाल्ने काम असाध्यै तीव्रतामा हुनेरहेछ ।

यद्यपि इन्डोनेसियाली घरेलु श्रमिक महिलाको भने अलिक जटिलता रहेछ तर क्रमश: उनीहरू पनि संगठित हुने क्रममा भेटिए । यी आप्रवासी श्रमिकका चेतना र अनुभवजन्य रणनीति हुन् ।

तर हाम्रा घरेलु कामदार महिलाको गन्तव्य मुलुकका सन्दर्भमा हेर्नुस् त राज्यले लगाएका तगाराहरू ! राज्यले औपचारिक प्रक्रियामा बन्देज लगाउनु भनेको मानव बेचबिखनका दलाल र तस्करको फन्दामा आफ्ना नागरिक सुम्पनु हो । नेपाली घरेलु आप्रवासी महिला श्रमिकको समग्र अवस्था भनेको त्यही हो । त्यसैले त हामी भारत हुँदै यति लगिए वा समातिए भन्ने समाचार पढ्छौं ।

नेपालबाट मलेसियामा घरेलु महिला कामदार खुला गरिएको छैन । खोल्नु वा बन्द गर्नु राजनीतिक र प्रशासनिक दृष्टिकोणमा त्यति ठूलो कुरा नहोला, तर मुख्य कुरा त श्रमिक पठाउने र लैजाने मुलुकबीच ती श्रमिकका सुरक्षा, व्यवस्थापन र सम्मानजनक रोजगारको लागि गर्नुपर्ने तयारी उचित भयो कि भएन भन्ने हो ।

अरबतिर बन्देज लगाएको राज्यले मलेसियामा घरेलु श्रमिक महिलाका लागि नयाँ गन्तव्य खोल्ने कुरा उठेको पाइयो र हाम्रा कार्यर त राजदूतले पनि यो कुराको पुष्टि गर्नुभयो । मलेसियालाई नेपाली महिलाका लागि घरेलु श्रमिक लक्षित गन्तव्य पनि बनाउने हो भने इन्डोनेसियाका महिलाले त्यहाँ भोगिरहेको नियति होइन फिलिपिनी सरकारले तय गरेको रणनीति र प्रक्रियागत तयारी गरेर मात्र खुला गर्नुपर्छ ।

तर विडम्बना, श्रम आप्रवासनको सन्दर्भमा हाम्रा राजदूतावासहरू श्रम कूटनीति होइन, शव सनाखत गर्ने भूमिकामा सीमित छन् । नेपाली कामदार पुगेका देशका रोजगारदाताहरूसँग हाम्रा दूतावासले कुरा गर्नुपर्छ । हाम्रा रोजगार दातासँग संवाद गर्नुपर्छ । यी बीचको ठाउँ दलालहरूले लिइरहेका छन् । सट्टामा दूतावासले रोजगार दाता र श्रमिकको बीचमा समन्वय गर्नुपर्छ । गन्तव्य मुलुकहरूको र हाम्रो श्रम नीति अध्ययन गरेर मिल्ने र नमिल्ने विषय पत्ता लगाउनुपर्छ । नमिलेका नीतिगत सवालहरू मिलाउनुपर्छ ।

आफ्ना नागरिक दलाल र रोजगार दाताबाट ठगिएका छन् कि ? घटना घटिहाल्यो भने त्यसलाई कसरी सम्बोधन गर्ने, घटना घट्नै नदिन कसरी रोकथाम गर्ने ? दूतावासलाई हरेक नेपाली आप्रवासीको संरक्षणको अवस्था थाहा हुनुपर्छ । यो श्रम कूटनीतिमा राज्य कमजोर हुँदा हाम्रा आप्रवासी नागरिकहरू कमजोर हुन्छन् । हामी जस्ता श्रमिक निर्यात गर्ने मुलुकसँग प्रष्ट र समय सान्दर्भिक एकीकृत आप्रवासन नीति हुनुपर्छ ।

गृह मन्त्रालयले विमानस्थलमा पुगेर नागरिकको झोला मनपरी खोतल्ने होइन । कुनै श्रमिक विदेश जाँदा उसले अपनाउनुपर्ने विषयहरू अपनाएको छ कि छैन, यी सबै विवरण बुझेर नगरेको भए म्यानपावर कम्पनी र तस्करलाई समाउने हो । उड्न लागेको श्रमिकको झोला खोतल्दै घर फर्काएर समस्या समाधान हुँदैन । समस्याको मुहान कायम राखेर नतिजामाथि प्रश्न गरेर समाधान भेटिन्न ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार ऐन हटाएर एकीकृत आप्रवासन नीति ल्याउनुपर्छ । यसका लागि परराष्ट्र मन्त्रालय बाधक देखिन्छ कि भन्ने आशंका छ किनकि एकीकृत श्रम आप्रवासन नीतिमा परराष्ट्र मन्त्रालय र उसका राजदूतहरूको कूटनीतिक जिम्मेवारी र श्रमिकप्रतिको उत्तर दायित्व थपिन्छ । श्रमिकले पठाएको रेमिटेन्सबाट राजदूतहरूले तलब खाने तर श्रमिकको पक्षमा काम नगर्ने विरोधाभासको अन्त्य हुनुपर्छ ।

आप्रवासी नीतिबारे वैश्विक बहसमा अहिले तीन विषयमा जोड दिनुपर्नेमा मतैक्य छ । ती हुन्- सुरक्षित, सम्मानित र व्यवस्थित आप्रवासन ।

घर छाडेर गन्तव्य मुलुकमा जाने योजना बनाउनासाथ नेपाली युवायुवतीमाथि ठगी, शोषण र विभेद सुरु हुन्छ । राज्यले सीप नसिकाउँदा अदक्ष जनशक्तिको रूपमा विदेशिनु परेको छ । यो सुरक्षित आप्रवासन भएन ।

श्रमिकको रेमिटेन्सबाट देशको अर्थतन्त्र चलिरहेको छ । हाम्रा श्रमिकले सम्मान होइन, पाइला-पाइलामा अपमान भोग्नु परिरहेको छ । त्यसैले हाम्रो आप्रवासन सम्मानित भएन ।

श्रम स्वीकृति लिन कठिन छ । काम गरेर फर्किआएका जनशक्तिबारे कुनै तथ्यांक छैन । उनीहरूको सीप र पूँजी खेर गइरहेको हुन्छ । विदेशमा असुरक्षा महसुस हुँदा राज्य उपस्थित हुँदैन । आप्रवासी नागरिकको शव फिर्ता ल्याउन महिनौं लाग्ने गर्छ । नागरिक रूसी सेनामा भर्ती भएर मरिरहेका छन् । मानव तस्करी र बेचबिखन बढिरहेको तथ्य अनुसन्धानहरूले देखाइरहेका छन् । यसरी हाम्रो आप्रवासन व्यवस्थित पनि छैन । देशको अर्थतन्त्रमा योगदान गरेका श्रमिकलाई सम्मान गर्नुपर्छ ।

### आप्रवासन चक्र

आप्रवासन सुरक्षित, सम्मानित र व्यवस्थित भयो भने आप्रवासन चक्रमा नै सुधार आउँछ । आप्रवासन चक्र भनेको घरबाट वैदेशिक रोजगारीमा जाने निर्णय गरेपछि गन्तव्य मुलुकमा गएर काम गरेर फर्किएपछि पुन: वैदेशिक रोजगारीमा नजाने निर्णय गर्दासम्मको चक्र हो ।

विमानस्थलबाट उडाइदिनु र रेमिटेन्स भित्र्याउनुमा मात्र राज्यको दायित्व सकिँदैन । तर, हाम्रोमा त नामै वैदेशिक रोजगार ऐन छ, आप्रवासनको त नामै छैन । त्यसैले नेपाल आप्रवासन नीति नभएको तर आप्रवासीले चलाएको देश हो । झण्डै साढे तीन दशकदेखि देश आप्रवासीहरूले चलाइरहेका छन् तर, आप्रवासन नीति छैन । आप्रवासनबारे तथ्याङ्क संकलन सुरु गरेको पनि डेढ दशक भइसकेको छ । तर त्यो तथ्याङ्क पनि अपूर्ण छ किनकि नेपालको श्रम मन्त्रालयले वार्षिक रूपमा प्रकाशन गर्ने वार्षिक श्रम आप्रवासन प्रतिवेदनले नेपाल-भारत श्रम आप्रवासनको तथ्याङ्क समावेश गर्दैन ।

बहुदल आएपछि दलहरूले एक घर एक रोजगारको नारा दिन थाले । सत्तामा रहँदा आप्रवासन व्यवस्थित गर्न सिन्को नभाँच्ने, विपक्षी बनेपछि सरकारले केही गरेन भनेर गाली गर्न थाल्ने दुश्चक्रमा देश फसेको छ । एकप्रकारले दलहरू नागरिक बेचिरहेका छन् । पछिल्लो समयमा त नक्कली भुटानी शरणार्थी प्रकरणमा अनागरिक बनाएर नागरिकको तस्करी गर्ने काममा सरकार नै संलग्न रहेको पनि देखियो ।

दलहरूले अहिले रिटर्नी फाउन्डेसन बनाउन थालेका छन् । यो पनि भोटकै लागि मात्र सीमित भयो भने दुर्भाग्यपूर्ण हुन्छ । विदेशमा रहँदा पनि पार्टी सदस्यका रूपमा लेभी उठाउने, नेतालाई सामान पठाउन र भ्रमण खर्च व्यहोर्न लगाउने काम दल र नेताहरूले गरिरहेका हुन्छन् । यसरी श्रम आप्रवासीलाई वैदेशिक रोजगार व्यवसायी र दलालहरूले मात्र होइन, राजनीतिक दलहरूले पनि शोषण गरिरहेका छन् ।

श्रम आप्रवासनका सन्दर्भमा दलहरू न कुनै दृष्टिकोण न कुनै भिजनमा चलिरहेका छन् । आप्रवासनको दल, सरकार, संस्था, मान्छेपिच्छे फरक-फरक परिभाषा छ । राज्यका लागि आप्रवासन अर्थतन्त्र हो भने दलका लागि भोट । रवि लामिछानेहरू भोट माग्न विदेश उड्न थालिसके । दलहरू विदेशमा रहेका नागरिकले मतदान गर्न पाउनुपर्छ भन्ने माग र ाखिरहेका छन् । प्रशासकको लागि आप्रवासन ठगिखाने भाँडो बनेको छ । परिवारको निम्ति आप्रवासन गाँस, बास हो ।

म्यानपावर कम्पनीका लागि मान्छे बेच्ने धन्दा भएको छ आप्रवासन । उनीहरू राज्यले लाइसेन्स दिएको ट्राफिकर भन्छु म । खुल्ला अर्थतन्त्र र निजीकरणलाई बढावा दिने नाममा राज्यले मान्छे बेच्ने लाइसेन्स दिएको छ । पञ्चायतकालमा लुकिछिपी बेच्थे । बहुदल आएपछि उनीहरूले जथाभावी मान्छे बेच्ने लाइसेन्स पाएका छन् ।

हुँदाहुँदा हरेक राजनीतिक दलले म्यानपावर व्यवसायीहरूको भ्रातृ संगठन बनाएका छन् । प्रजातान्त्रिक, प्रगतिशील, क्रान्तिकारी वैदेशिक रोजगार व्यवसायी संघहरू बनेका छन्, अझै समाजवादी, वैकल्पिक के के बन्ने हुन् ?

उदार लोकतन्त्रले बजारलाई प्रवर्धन गर्छ । यसले बजारको एकाधिकार स्थापित गर्छ । बजारको एकाधिकार नाफाखोरका लागि हो । कुनै वस्तु होस् वा मान्छे, नदीनाला होस् वा ढुङ्गामाटो, जे बेचेर भए पनि नाफा कमाउनु नै बजारको ध्येय हुन्छ । अहिले खोलाको ढुङ्गा झिकेर बेच्नु र मान्छे (नागरिक) बेच्नु उस्तै भएको छ । किनभने बजारलाई नाफा चाहिएको छ । राज्यले नै यो काम गर्न विना अनुगमन छुट दिएको छ । हामीले खोजेको र रोजेको लोकतान्त्रिक व्यवस्थाभित्रको खुलापन यो होइन ! खुलापनको नाममा यो त नाङ्गोपन भएन र ?

उन्नत, उदार, खुला बजार भनिएका पूँजीवादी मुलुकमा पनि त सरकारका नियमनकारी निकायहरूले बजारको मनपरीतन्त्र, दलालीतन्त्र र विषाक्ततालाई मिहिन तरिकाले अनुगमन र कारबाही गर्छन् तर हाम्रोमा त बजारले नै सिंहदरबारहरू चलाइदिन थाल्छन् । यो दलालीपन श्रम आप्रवासनमा झन् बढी पाइन्छ किनकि यो रोजगारी जस्तो संवेदनशील पक्षसँग जोडिएको छ ।

नाफाका लागि न्यूनतम लगानी गरेर अधिकतम कमाउनुपर्छ । ८ घन्टा सम्झौता गरेर श्रमिकलाई १२ घण्टा काम गराएर शोषण र अतिरिक्त नाफाको बढोत्तरी सुनिश्चित गरिन्छ । घरेलुभन्दा विदेशी कामदारलाई यस्तो शोषण गर्न सहज हुन्छ । आप्रवासी श्रमिक त्यहींको सरकार र बजारको नियन्त्रणमा बसेको हुन्छ ।

अझ गैरकानुनी रूपमा रहेका आप्रवासी श्रमिकमाथि त हदै शोषण हुन्छ किनकि उनीहरूले कानुनी उपचार खोज्ने बाटो अप्ठ्यारो हुन्छ । त्यहाँको सरकारले डिपोर्ट नगरिदिए हुन्थ्यो भन्ने ध्याउन्न श्रमिकलाई हुन्छ ।

### अमैत्री "मैत्री सन्धि" र भारत

राज्यको ऐन कानुन छलेर विदेशिएका अनियमित (इरेगुलर) श्रमिकको संख्या अत्यधिक छ तर उनीहरूको राज्यसँग कुनै तथ्याङ्क हुँदैन । लुकीछिपी जाने, विभिन्न मुलुकलाई ट्रान्जिट बनाएर जाने, भारत हुँदै जाने यही समूहमा पर्छन् ।

विडम्बना, लाखौं नेपाली श्रमिक भारतमा आप्रवासी भएर काम गरिरहेका छन् तर वैदेशिक रोजगार ऐनले भारतमा काम गर्न जाने श्रमिकलाई चिन्दैन । भारतबाट यहाँ आएर काम गर्नेलाई पनि चिन्दैन । यसपछाडिको राजनीति औपनिवेशिक विरासतसँग जोडिन्छ । सन् १९५० मा तत्कालीन औपनिवेशिक गन्ध बोकेको भारतीय सरकार र औपनिवेशिक शासकका साझेदार नेपालका राणाहरूले गरेको 'मैत्री सन्धि' नै अमैत्री र असमान छ । त्यसले श्रमिकलाई जति शोषण गरे पनि हुने अवस्था सुनिश्चित गरेको छ । किनकि न यसले भारतमा चौकीदारीदेखि सेनामा काम गर्नेलाई चिन्छ न भारतबाट यहाँ आउने श्रमिकलाई ।

भारतीयले लैजाने र नेपालीले ल्याउने रेमिटेन्सको पनि हिसाबकिताब छैन । स्वाभाविक रूपमा भारतीय कामदार दक्ष हुन्छन् र धेरै आउँछन्, धेरै लैजान्छन् । केही अपवाद बाहेक भारत जाने धेरै नेपाली मौसमी कामदारका रूपमा अदक्ष कामदारका रूपमा जान्छन् र कम ल्याउँछन् । ओहोरदोहोरको प्रवृत्तिले संकेत गर्छन् यद्यपि वास्तविक तथ्याङ्क हामीसँग छैन ।

समग्रमा अझै पनि नेपाली समाजको चेतना नेताले भनेको पत्याउने नै छ । त्यसैले चुनावअघि दलहरूले मतका लागि श्रमिकमैत्री कुरा गर्छन् । महत्वाकांक्षी र चर्को लोकप्रिय नाराहरू दिन दलहरूबीच चर्को प्रतिस्पर्धा हुन्छ । आरजु देउवादेखि माधव नेपालसम्मले चुनाव अघि भोट माग्न प्रयोग गरेको भाषा नेपाली समाजमा चुनावी भए पनि मौसमी र चर्चित रह्यो ।

रवि लामिछानेहरू आप्रवासी फर्काउँछौं भनेर हिंडेका छन् । समय बितिरहँदा त्यो नाराको कार्यान्वयनमाथि प्रश्न उठ्न थालेको छ । सिद्धान्तत: आप्रवासी फर्काउँछौं भन्नु उदार लोकतान्त्रिक व्यवस्था मान्दिनँ भन्नु हो । यो भनेको व्यवस्था नै बदल्छु भनेको हो । भूमण्डलीकृत विश्वव्यवस्थाभित्र आप्रवासन बन्द गर्छु भनेर भाषण गर्नु सरासर झुट बोल्नु हो ।

क्युबामा पनि आप्रवासन छ । चीनको अर्थतन्त्र आप्रवासनले पनि थेगेको छ । उनीहरूको मानवीय जनशक्ति योजना असाध्यै राम्रो छ । विभिन्न विषय अध्ययन गर्न गएका विद्यार्थीलाई स्वदेश फर्काउन सुरुमै कुनै काममा सम्झौता गराउने अभ्याससम्म त्यहाँ देखिन्छ । उनीहरूले सचेततापूर्वक र व्यवस्थित रूपमा यो क्षेत्रमा गरेको कामबाट हामीले धेरै कुरा सिक्न सक्छौं । त्यसको लागि न त सस्ता र झुटा नारा चाहिन्छ न त हालको लोकतान्त्रिक व्यवस्था पनि फेर्नु नै पर्छ । पर्छ त केवल श्रम आप्रवासनप्रतिको समयसापेक्ष बुझाइ र श्रमिकप्रतिको उत्तरदायित्व !

आप्रवासन बाहिरबाट कसैले दिएको/थोपरेको विषयभन्दा हाम्रो राजनीतिक व्यवस्था भित्रको एउटा अंग हो । यसलाई रोक्नु भनेको विद्यमान राजनीतिक व्यवस्था नस्वीकार्नु हो । फेर्न सम्भव नहोला, बरु राजनीतिक दलहरूले आप्रवासन व्यवस्थित गर्न काम गर्नुपर्छ ।

### श्रम आप्रवासीले गुमाएको सामाजिक मूल्य

आप्रवासनमा जाने र उसको परिवारले गुमाएको सामाजिक मूल्य असाध्यै ठूलो छ । श्रम आप्रवासनमा जानु रहर होइन, बाध्यता हो । सामान्य रोजीरोटीको लागि स्वदेशमा सम्भावना नदेखेर विदेशिएका श्रमिक वर्गका लागि आप्रवासन आर्थिक बाध्यता हो । सँगसँगै राज्य निरीह हुँदा पूँजीवाद विषाक्त अवतारमा प्रकट भएको छ । विषाक्त पूँजीवाद हाम्रो समाजमा जकडिएर आएको छ ।

लोककल्याणकारी राज्य प्रगतिशील पूँजीवादी व्यवस्था हो । त्यहाँ शिक्षा र स्वास्थ्य नि:शुल्क हुन्छ, राज्यले नै सहुलियत पसलहरूको व्यवस्था गरेको छ । रोजगारीको ग्यारेन्टी हुन्छ नभए बेरोजगार भत्ताको व्यवस्था हुन्छ । पूँजीवादको चरित्र कम्तीमा यति हुनुपर्ने हो ।

*(साभार: अनलाइनखबर)*

# प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाउन किन चाहँदैनन् दलहरू ?

काठमाडौं/नेपालका सबैजसो नेताहरूले दोहोऱ्याइरहने वाक्य हो- विश्वविद्यालयहरूलाई दलगत हस्तक्षेपबाट मुक्त गरौं । समाजशास्त्री प्राध्यापक चैतन्य मिश्रको भाषामा भन्ने हो भने विश्वविद्यालयमा 'पार्टीपिच्छेका सेना' खडा गर्न तिनै नेताहरूले योगदान गरेका छन् ।

पोहोर मंसिरको आम चुनावका बेला भने यी दलहरूमध्ये केहीले दलीय हस्तक्षेपरहित विश्वविद्यालयका लागि मौखिक मात्रै होइन, लिखित प्रस्ताव नै गरे ।

घोषणापत्रमा कांग्रेसले उल्लेख गरेको थियो, 'प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन तथा विश्वविद्यालयलाई स्वायत्त प्राज्ञिक संस्थाको रूपमा सुस्थापित गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।'

एमाले नेताहरूले पनि प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाउनुपर्ने कुरा उठाउँदै आएका छन् । विगतमा एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री रहेका बेला यस्तो प्रस्तावमा सकारात्मक भएको त्रिवि निवर्तमान उपकुलपति प्रा.डा. धर्मकान्त बाँस्कोटाले सुनाएका थिए ।

माओवादी केन्द्रको कुरा पनि कत्ति भिन्न छैन, जसको प्रकटीकरण स्वयं अध्यक्ष तथा बहालवाला प्रधानमन्त्री प्रचण्ड गर्ने गर्छन् । ८ मंसिरमा धुलिखेलमा आयोजित एक कार्यक्रममा बोल्दै त्रिभुवन विश्व विद्यालय लगायत १० विश्वविद्यालयका कुलपति रहेका प्रधानमन्त्री प्रचण्डले विश्वविद्यालयहरूको पदेन कुलपति हुने व्यवस्था अव्यावहारिक भएकोले विकल्प खोज्नुपर्ने जिकिर गरे ।

ठूला दलहरू मात्रै होइन, साना-ठूला, सत्ता-प्रतिपक्षी, नयाँ-पुराना दलहरू एकै किसिमको स्वरमा भन्छन्, विश्वविद्यालयलाई दलीय भर्तीकेन्द्र हुनबाट रोक्ने हो भने प्रधानमन्त्रीलाई कुलपति बनाउने व्यवस्था हटाऔं ।

बोलीमा जतिसुकै एक सुनिए पनि व्यवहारमा ठिक उल्टो छ । अहिलेसम्म विश्वविद्यालयको शासकीय संरचना परिवर्तन गर्न कुनै पनि राजनीतिक दल अथवा प्रधानमन्त्रीले आवश्यक पहलकदमी भने लिन सकेका छैनन् ।

आफ्नो चारवर्षे उपकुलपतिकालमा एमाले, कांग्रेस, माओवादी तीनै दलको सरकारसँग काम गरेका प्रा.डा.धर्मकान्त बाँस्कोटाले तत्कालीन प्रधानमन्त्री




केपी ओली, शेरबहादुर देउवा र हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग कुलपति प्रधानमन्त्री हुने व्यवस्था हटाउनुपर्ने प्रस्ताव राख्दा तीनै जनाबाट सकारात्मक प्रतिक्रिया पाए पनि पहलकदमी नभएको बताउँछन् ।

उनले भने 'अघिल्ला प्रधानमन्त्रीहरू कुलपति प्रधानमन्त्री हुनुहँदैन भन्नेमा सकारात्मक हुनुहुन्थ्यो तर व्यवस्था हटाउनका लागि पहल अघि बढेन । अहिलेको प्रधानमन्त्री पनि सकारात्मक नै हुनुहुन्छ । पहल गर्ने कुरामा पर्खेर हेर्नैपर्ने हुन्छ ।'

पूर्व शिक्षामन्त्री शिशिर खनाल यो कानुनी व्यवस्था भएकोले कानुन संशोधन गर्नको लागि अहिले मौका भएको बताउँछन् । उनी भन्छन्, 'मौका, किनभने उच्च शिक्षा विधेयक सरोकारवालाहरूसँग छलफलका लागि शिक्षा मन्त्रालयमा फिर्ता आएको भन्ने छ ।'

खनालले भने जस्तै उच्च शिक्षा विधेयक कानुन मन्त्रालयबाट फिर्ता भएर शिक्षा मन्त्रालयमा आएको छ । शिक्षा मन्त्रालय उच्च शिक्षा महाशाखाका सहसचिव श्रीप्रसाद भट्टराई कानुन मन्त्रालयले सरोकारवालासँग छलफल गर्न भन्दै उच्च शिक्षा विधेयक फिर्ता पठाइएको बताउँछन् ।

'सरोकारवाला विज्ञको राय-सुझाव लिएर फेरि पेश गर्ने भन्ने हिसाबले फिर्ता आएको छ ।' अहिलेसम्म कहिलेदेखि राय-सुझाव लिने भन्ने मिति तय नभए पनि छिट्टै सरोकारवालाहरूसँग छलफल गरेर पुन: विधेयक अगाडि बढाउने तयारी रहेको भट्टराईले बताए ।

मन्त्रालयका एक कर्मचारीका अनुसार उच्च शिक्षा विधेयकले विश्वविद्यालय अनुदान आयोग ऐनलाई थप अधिकार दिएर शक्तिशाली बनाउने गरी मस्यौदा तयार पारिएको छ । भट्टराई भन्छन्, 'अहिलेको मस्यौदा अनुसार आयोगलाई थप शक्तिशाली बनाउँछ र विश्वविद्यालयको कुलपति प्रधानमन्त्री नै हुन्छ ।'

विज्ञहरूले उच्च शिक्षा सम्बन्धी एकीकृत छाता ऐन ल्याएर विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने शासकीय संरचना हटाएर बोर्ड अफ ट्रस्टी मार्फत खुला प्रतिस्पर्धा गराउन प्राज्ञिक व्यक्तिहरूले विश्व विद्यालयको पदाधिकारी चुन्नुपर्ने सुझाव दिँदै आएका छन् ।

तर, राजनीतिक दलहरूको अरुचिका कारण उच्च शिक्षा सम्बन्धी एकीकृत छाता ऐन आउन ढिला हुनुको साथै तयार भएको मस्यौदामा समेत कुलपति प्रधानमन्त्री हुने व्यवस्था नसमेटिएको विज्ञ तथा स्वयं विद्यार्थी संगठनहरूको भनाइ छ ।

प्रधानमन्त्री कुलपति हुने व्यवस्था हटाउँदा ठूला राजनीतिक दलहरूलाई कार्यकर्ता व्यवस्थापनमा समस्या हुने भएकोले यो व्यवस्था हटाउन नचाहने पूर्वमन्त्री शिशिर खनाल बताउँछन् । उनी भन्छन्, 'यो व्यवस्था परिवर्तन गर्दा ठूला दलहरूले आफ्ना विभिन्न भ्रातृ संगठनको नेतृत्वमा रहेका कार्यकर्ताहरूलाई व्यवस्थापन गर्न चुनौती हुन जान्छ । त्यसकारण यो व्यवस्था हटाउन उहाँहरू जागरुक देखिनुहुन्न ।'

अनेरास्ववियुका अध्यक्ष समिक बडाल दलहरूले विश्व विद्यालयलाई प्राज्ञिक मर्यादाको रूपमा भन्दा राजनीतिक स्वार्थपूर्ति गर्ने केन्द्र बनाइरहेको बताउँछन् । उनी भन्छन्, 'विश्वविद्यालयमा प्राज्ञिक व्यक्ति उत्पादन हुन्छ कि हुन्न भन्दा पनि आफ्ना मान्छे नियुक्त हुन्छ कि हुँदैन भनेर पहिला सोच्छन् । यही स्वार्थका कारण दलहरू परिवर्तन गर्न अरुचि देखाइरहेका छन् ।'

सत्तामा पुग्ने राजनीतिक दलहरूले आफ्नो दल, गुट अनुकूल व्यक्ति नियुक्ति गरेर चलाउन खोज्ने दलहरूको कारण नेपालको उच्च शिक्षा संकटमा पुगेको उनको भनाइ छ ।

अखिल क्रान्तिकारीका शिक्षा विभाग प्रमुख नरेश रेग्मी राजनीतिक दलहरूमा भएका विभिन्न स्वार्थ समूहको प्रभावका कारण राजनीतिक दलहरू व्यवस्था परिवर्तन गर्न नचाहने बताउँछन् । उनी भन्छन्, 'राजनीतिक दलहरूमा विभिन्न स्वार्थ समूह छन् । नेताहरूसम्म तिनै समूहको बढी पहुँच छ र नेताहरू पनि तिनै स्वार्थ समूहको प्रभावका कारण कुलपति प्रधानमन्त्री हुने व्यवस्था हटाउने प्रक्रिया अगाडि बढ्न सकेको छैन ।'

बाहिर भइन्जेल जति क्रान्तिकारी कुरा गरे पनि सत्तामा पुगेपछि हिजो सबैले लिए हाम्रो पालोमा कसरी छोड्ने भन्ने दुराशय राखेर पदाधिकारी नियुक्तिमा लालायित हुँदा राजनीतिक दल अहिलेको व्यवस्था संशोधन गर्न नचाहने रेग्मीको भनाइ छ ।

अहिलेको राजनीतिक नेतृत्व प्रश्न सुन्न नचाहने, आलोचना नसहने प्रवृत्तिको भएकोले विश्व विद्यालयको सुधार नचाहने बताउँछन्, एक पूर्वउपकुलपति । उनी भन्छन्, 'अहिलेको राजनीतिक नेतृत्व प्रश्न होइन महिमागान सुन्न चाहन्छ, नेतृत्व होइन भक्त चाहन्छ त्यसैले पदाधिकारी प्राज्ञिक व्यक्ति होस् भन्ने चाहँदैन ।'

विश्वविद्यालयमा प्राज्ञिक व्यक्ति नियुक्ति हुँदा राजनीतिक दलहरूका नेतृत्वले खोजे जस्तो हो-मा-हो मिलाउने जनशक्ति उत्पादन नहुने डरले व्यवस्था परिवर्तन गर्न नचाहने उनको बुझाइ छ ।

त्रिविका एक प्राध्यापक भने अहिलेका प्राध्यापक संघ-संगठन, विद्यार्थी संघ-संगठनहरूको लालचको कारण विश्वविद्यालयको शासकीय संरचना परिवर्तन हुन नसकेको आरोप लगाउँछन् । उनी भन्छन्, 'दलहरूले तीनै प्राध्यापकरूपी कार्यकर्ताहरू व्यवस्थापन गर्नुपर्ने हो, पार्टीको दानमा पद पाएपछि पार्टीप्रति वफादार, बार्गेनिङ गर्ने विद्यार्थी संगठनलाई मिलाउनुपर्छ । प्राध्यापकले पदको लोभ र विद्यार्थीले पदाधिकारीसँग बार्गेनिङ नगरे राजनीतिक दलहरू तुरुन्तै तयार हुन्छन् ।'

तर नेविसंघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पा भने कांग्रेसले घोषणापत्रमा नै समेटेर यसको संशोधनको पक्षमा पहलकदमी गरि रहेको दाबी गर्छन् । 'अरू राजनीतिक दलले किन पहलकदमी लिएन उहाँहरूको आफ्नो सोच होला तर कांग्रेसले गएको निर्वाचन घोषणा पत्रमै समेटेर पहलकदमी थालिसकेको छ ।' उनी अगाडि भन्छन्, 'प्रधानमन्त्री कुलपति हुने व्यवस्था यो हाउसमै परिवर्तन गराएरै छोड्छौं । त्यसको दबाब दिन नेविसंघले नेतृत्व गर्छ ।'

विद्यार्थी संगठन जस्तै प्राध्यापक र कर्मचारी संगठनहरूका नाममा समेत अनेक दलगत स्वार्थ घुस्न पुगेका छन्, जसले विश्व विद्यालयको आम वातावरण धुमिल गराउन पुगे । विगतमा राजा जस्तै कुलपति बन्ने लोभ सवार हुँदा प्रधानमन्त्री आफैं यो फोहोरी खेलमा मिसिन पुगे । प्रा.डा. अर्जुन कार्कीका विचारमा यो भद्रगोलको सुरुवात त्यही विन्दुबाट भएको हो ।

'बेथितिका अनेक रूप छन्, तर प्रधानमन्त्रीलाई नै कुलपति बनाउने भएपछि त्यो अझै संस्थागत हुन पुगे जस्तो देखियो' कार्की भन्छन्, 'अब यो गलत प्रथा हट्नुपर्छ । यसका लागि कानुन नै बदलिनुपर्छ ।'

*(स्रोत:अनलाइनखबर)*

# मेनुकाको स्वरमा 'सलार'को गीत रिलिज

काठमाडौं/साउथ सुपरस्टार प्रभास अभिनीत फिल्म 'सलार'मा नेपालकी गायिका मेनुका पौडेलको पार्श्व गायन रहेको गीत सार्वजनिक भएको छ । बुधबार साँझ निर्माण कम्पनी हम्बेल फिल्म्सको युट्युब च्यानलमा सार्वजनिक भएको 'सूरज ही छाँव बनके' बोलको हिन्दी संस्करणको गीतमा उनको स्वर समावेश छ । मेनुकाले गत हप्ता मात्रै यो गीत मुम्बईस्थित एक स्टुडियोमा रेकर्ड गराएकी थिइन् ।

गीतमा रवि बसरुरको संगीत रहेको छ भने रिया मुर्खजीको शब्द रचना छ । युट्युबमा सार्वजनिक गीतमा फिल्मभित्रका चल/अचल दृश्यहरु समावेश छन् । मेनुकाले पहिलोपटक भारतीय फिल्मको गीतमा पार्श्व गायनको



मौका पाएकी हुन् । यसलाई उनले आफ्नो गायन करिअरको टर्निङ पोइन्ट मानेकी छन् । अहिले उनी 'इन्डियन आइडल'मा आफ्नो सानदार प्रस्तुतीका कारण चर्चामा छिन् ।

'इन्डियन आइडल'को गत आइतबारको एपिसोडमा उनले स्टुडियो पुगेर 'सलार'को गीत गाएको अंश प्राथमिकताका साथ प्रशारण गरिएको थियो । र, उक्त शोको निर्णायकमध्येकी श्रेया घोषालले उठेर बधाई दिएकी थिइन् । 'इन्डियन आइडल'को 'टप १४'सम्म पुगिसकेकी उनलाई उपाधिको हक्दारको रुपमा हेरिएको छ । मेनुका दृष्टिविहीनहरुका लागि समेत प्रेरणाको स्रोत बनेकी छन् ।

# अष्ट्रेलियाको समुन्द्री तटमा खुलेकी स्वस्तिमा

काठमाडौं/'विवाह गरेपछि अभिनेत्रीको करिअर संकटमा पर्छ' भन्ने भाष्यलाई गलत प्रमाणित गरिदिएकी स्वस्तिमा खड्का अहिले करिअरको हिसाबले आफ्ना समकालिनभन्दा अगाडि देखिएकी छन् । अभिनयमा परिपक्वता र चरित्र निर्माणमा गर्ने मिहिनेतले उनलाई अब्बल कोटीको अभिनेत्रीको रुपमा समेत चिनाएको छ । र, उनलाई फिल्मको व्यावसायिक सफलताले पनि राम्रैसँग साथ दिइरहेको छ ।

यस वर्ष मात्रै उनका दुई फिल्म हिट भैसकेका छन्, 'पशुपति प्रसाद २ : भष्मे डन' र 'दिमाग खराब' । दुवैमा उनले जीवन्त रुपमा गरेको अभिनयको चर्चा भयो । गत भदौमा आएको 'ऐंचो पैंचो'ले भने हिस्सै बनायो । अभिनयको समेत चर्चा भएन । यी तीन फिल्म लगातार प्रदर्शनमा आएकाले स्वस्तिमालाई राम्रै दौडधुप भएको थियो । यसैले यतिबेला उनले अष्ट्रेलियामा थकाई मारिरहेकी छन् ।

'दिमाग खराब' प्रदर्शनका लागि उनी एक हप्ताअघि श्रीमान् तथा निर्देशक निश्चल बस्नेतको साथमा अष्ट्रेलिया पुगेकी हुन् । फिल्ममा साधारण महिलाको भूमिका निर्वाह गरेकी उनी अष्ट्रेलियाको समुन्द्री तटमा भने 'हट' बनेर देखिएकी छन् । अष्ट्रेलियास्थित क्रोनुल्ला बिचमा वान पिस स्विमसूटमा खिचेका तस्वीरहरु उनले इन्स्टाग्राममा सेअर गरेका छन्, जहाँ धेरैले 'हट' भन्दै तारिफ गरेका छन् ।



उनी अष्ट्रेलियाबाट फर्किएपछि 'दिमाग खराब' प्रदर्शनकै लागि अमेरिका पनि जान लागेको जानकारी प्राप्त छ । विदेश भ्रमणका लागि उनले तीन महिनाको समय छुट्ट्याएकी छन् । त्यसपछि मात्र नयाँ फिल्म सम्झौता गर्ने उनको तयारी छ । केही मेकर उनको प्रतिक्षामा स्क्रिप्ट बोकेर बसेका छन् । स्वस्तिमाको नामैले फिल्म चल्ने अवस्था नभए पनि उनीप्रति मेकर को विश्वास अद्भुत छ ।

# 'गाउँ नै रमाइलो'मा एकसाथ देखिँदै दयाहाङ र आर्यन

काठमाडौं/डेढ दशकअघिको सुपरहिट फिल्म 'मेरो एउटा साथी छ'मा पहिलोपटक आर्यन सिग्देल र दयाहाङ राईबीच सहकार्य भएको थियो । यो फिल्म आर्यनको काँधमा थियो भने दयाहाङले सहायक भूमिकामा काम गरेका थिए । अहिले समय फेरिएको छ । यतिबेला आर्यनभन्दा दयाहाङ 'बिकाउ नायक' बनिरहेका छन् । उनीहरुले दोस्रोपटक फिल्म 'लोफर'मा पनि एकसाथ काम गरेका थिए ।

अब तेस्रोपटक दयाहाङ र आर्यनले एकसाथ फिल्ममा काम गर्ने भएका छन् । निर्देशक दिनेश राउतले आफ्नो आठौं फिल्म 'गाउँ नै रमाइलो'मा उनीहरुलाई मुख्य भूमिकामा प्रस्तुत गर्न लागेका हुन् । फिल्मका लागि उनीहरु अनुबन्धित भैसकेको निकट स्रोतले जानकारी दिएको छ । फिल्ममा अर्का एक स्टार नायकलाई पनि लिने तयारी भैरहेको छ । अर्थात् यो फिल्म 'मल्टीस्टारर' हुनेछ ।

निर्देशक राउतले आगामी माघमा 'पूजार सार्की'को छायांकन भ्याएपछि अर्को वर्षको सुरुवातमा 'गाउँ नै रमाइलो' गर्ने सम्भावना छ । शीर्षकले नै गाउँको कथामा आधारित भएर फिल्म बन्न लागेको बुझाउँछ । दयाहाङ र आर्यनलाई एक दशकपछि फेरि एकसाथ पर्दामा हेर्न दर्शकका लागि पनि निकै रोमाञ्चक हुनेछ । यो फिल्मलाई 'नाङ्गो गाउँ'का निर्माता हिमाल कडरियाले निर्माण गर्दैछन् ।

निर्देशक राउतले आर्यनलाई फेरि काखी च्यापेर हिँड्न थालेका छन् । कुनै बेला आर्यनलाई मात्र हिरो लिएर फिल्म बनाउने गरेको आरोप उनीमाथि लाग्ने गर्थ्यो । 'क्लासिक'पछि भने उनीहरुको सहकार्य टुटेको थियो । अब निर्देशक राउतले 'गाउँ नै रमाइलो'सँगै 'पूजार सार्की'मा पनि आर्यनलाई लिएका छन् । यसरी हेर्दा दिनेशले आर्यनको करिअरलाई फेरि उठाउने कोशिश गरेको देखिन्छ ।

# वैदेशिक रोजगारी ठगीका धेरै घटना युरोप पठाउने नाममा

काठमाडौं/नवलपरासीका हिमाल थापा मगर काठमाडौंको गार्मेन्ट उद्योगमा काम गर्थे । आफ्नो काम र कमाइबाट सन्तुष्ट नभएका उनले दिदी नाता पर्ने एक जना आफन्तसँग बरु विदेश जान पाए हुने भनेका थिए ।

दिदीले उनलाई नवलपरासीकै समीर आले मगरसँग भेट गराइदिइन् । आलेले पोर्चुगलमा डेलिभरी ब्वायमा मासिक १ लाख १६ हजार रुपैयाँसम्म कमाइ हुने तर जानका लागि १२ लाख रुपैयाँ लाग्ने सुनाए । 'यहाँ जति दु:ख गरे पनि कमाइ उस्तै', थापाले सँग पुरानो कुरा सम्झिए, 'राम्रो ठाउँमा राम्रै कमाइ होला भनेर विश्वासमा परेँ ।'

त्यसपछि हिमालले समीरलाई सुरुमा ४ लाख रुपैयाँ बुझाए । समीरले युनाइटेड अरब इमिरेट्स (युएई) को दुबई हुँदै पोर्चुगल पठाउने बताएका थिए । 'पैसा लिएपछि आज भोलि भन्दै झुलाइरह्यो' उनले भने, 'हप्तादिनमै उडाइदिन्छु भनेको उसले दुई महिना बित्दा पनि पठाउन सकेन ।' त्यसपछि आले एकाएक सम्पर्क विहीन भए ।

समीरले त उनीजस्तै अरु ८ जनासँग ४/४ लाख रुपैयाँ लिएर भागेछन् । उनीहरु सबैले समीरविरुद्ध उजुरी दिए पनि उनी फेला परेका छैनन् । काठमाडौंका जोनसन श्रेष्ठ पनि यसैगरी ठगीमा परे । रोल्पाको गंगादेव गाउँपालिका- ३ घर भएका ३९ वर्ष निमराज डाँगीले




पोल्याण्डमा मासिक १ लाख २० हजार रुपैयाँ कमाइ हुने भनेपछि श्रेष्ठले विश्वास गरिहाले ।

उनले पटक पटक गरी १० लाख रुपैयाँ बुझाए । तर महिना दिन बितेपछि डाँगीले आज भोलि भन्दै उडान मिति सार्दै गए । त्यसपछि श्रेष्ठको फोन उठाउन छाडेका डाँगी पछि त सम्पर्कविहीन नै भए ।

लामो समय डाँगी सम्पर्कमा नआएपछि श्रेष्ठले बल्ल आफू ठगीमा परेको थाहा पाए र प्रहरीमा उजुरी दिए । १० मंसिरमा प्रहरीले डाँगीलाई काठमाडौंको गोंगबुबाट पक्राउ गरेको छ । सिन्धुपाल्चोकका ४४ वर्षका राजकुमार तामाङले पोर्चुगलमा मासिक १ लाख रुपैयाँ कमाइ हुने भनेपछि लंकबहादुर शाही उनले मागेजति १० लाख रुपैयाँ बुझाउन तयार भए । तामाङलाई एक लाख रुपैयाँ बुझाएर शाही बाँकी पैसा जुटाउनतिर लागे ।

तर पैसा बुझेपछि तामाङ सम्पर्कविहीन भए । लामो समयसम्म पनि सम्पर्कविहीन भएपछि शाहीले प्रहरीमा उजुरी लिएर पुगे । गत मंसिर ११ गतेमात्रै प्रहरीले तामाङलाई पक्राउ गरेको छ ।

प्रहरीमा वैदेशिक रोजगारी ठगीका उजुरीहरु बढ्दो क्रममा छ । प्रहरीमा आएका उजुरी हेर्दा वैदेशिक रोजगारीमा पठाइदिने नाममा हिजोआज व्यक्तिले नै पैसा बुझ्ने र ठगी गर्ने क्रम बढेको देखिएको छ ।

पोर्चुगल, पोल्याण्ड, रोमानिया, माल्टा, क्रोएसिया, क्यानाडा जस्ता देशमा पठाउने भन्दै व्यक्तिले ठगी गर्ने क्रम बढेको प्रहरीको भनाइ छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको तथ्यांक अनुसार पछिल्लो तीन वर्षमा मात्र वैदेशिक रोजगारी ठगीका ५१८ वटा उजुरी परेका छन् । तीमध्ये १८६ जना पक्राउ परेका छन् । कतिपय पीडित प्रहरीमा नगई सिधै वैदेशिक रोजगार विभागमा पनि पुगेर उजुरी दिएका छन् ।

अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मी पछिल्लो समय नयाँ मुलुकमा पठाउने भन्दै व्यक्तिले ठगी गर्ने क्रम बढेको छ । 'पहिले खाडी मुलुकहरुमा म्यावनपारले ठगेका घटना आउँथे' उनी भन्छन्, 'अहिले युरोपका मुलुक पठाइदिने भन्दै व्यक्तिले गरेका ठगीका घटनाहरु बढेका छन् ।'

नयाँ गन्तव्यमा आकर्षक कमाइ हुने प्रलोभन देखाउने र ठूलो रकम लिने गरेको पाइएको रेग्मीको भनाइ छ । 'विशेष गरी पूर्वी युरोपका मुलुकहरुमा राम्रो कमाइ हुने लोभ देखाइन्छ', उनले भने, 'पैसा दिनेहरु पनि मागे जति दिन तयार हुन्छन् ।' ती देशमा जान एकै जनाले १० देखि ३० लाख रुपैयाँसम्म तिर्न तयार भएको पाइएको पनि एसपी रेग्मी बताउँछन् ।

ठगीका घटना विश्लेषण गर्दा अधिकांश ठगी सामाजिक सञ्जालका माध्यमबाट भएका छन् । 'सामाजिक सञ्जालमा विज्ञापन राख्ने र अनलाइनबाट सम्पर्क गरेर ठगी हुने घटना धेरै छन्' उनले भने, 'धेरैजसो मान्छेहरु त्यसरी पनि फसिरहेका छन् ।'

नेपाल वैदेशिक रोजगार व्यवसाय संघका अध्यक्ष राजेन्द्र भण्डारीले अहिले नयाँ गन्तव्यतिर आर्कषण बढेकाले ठगी गर्ने गिरोह पनि सलबलाएको बताउँछन् ।

'सरकारले श्रमका लागि नयाँ गन्तव्यहरुमा बाटो खुला नगर्दा ठगी गर्ने गिरोहले फाइदा लिइरहेका छन्' उनले भने, '९५ प्रतिशत भन्दा बढी ठगीका घटना वैदेशिक रोजगार व्यवसायी भन्दा बाहिरबाट भएको छ ।' यस विषयमा सरकार गम्भीर हुनुपर्ने उनको भनाइ छ ।

*(स्रोत:अनलाइनखबर)*

# काठमाडौंमा सुर्तीजन्य पदार्थ बेचे पसल बन्द गर्ने चेतावनी

काठमाडौं/काठमाडौं महानगरपालिकाले बिहीवारदेखि काठमाडौंमा सुर्तीजन्य पदार्थ बेचबिखनमा प्रतिबन्ध लगाएको छ ।

काठमाडौंमहानगरपालिकाले बुधवार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै मंसिर २८ गतेदेखि काठमाडौं भित्र सुर्तीजन्य पदार्थ कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्तीहरु प्रतिबन्ध गरिएको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै काठमाडौं महानगरपालिकाका प्रवक्ता नविन मानन्धरले मंसिर २८ गतेदेखि काठमाडौं भित्र सुर्तीजन्य पदार्थ प्रतिबन्ध गरिएको बताए । उनले मंसिर २८ गतेपछि काठमाडौंमा सुर्तीजन्य पदार्थ बेच्न नपाइने र बेचेको थाहा पाए पसल समेत बन्द गर्ने बताए । उनले पसलमा बेचेको पाइए दुई पटकसम्मलाई सामान जफत गरिने तर तेस्रो पटक पनि बेचेको पाए पसल नै बन्द गर्ने चेतावनी दिए ।

अनुगमनको लागि महानगरपालिकाले सादा पोशाकमा १० जनाको टोलीमा नगर प्रहरीलाई खटाउने भन्दै उनले पहिलो चरणमा अनुगमनको लागि ५० जना नगर प्रहरी परिचालन गरिएको मानन्धरले जानकारी दिए ।

उनले महानगरपालिकाले सार्वजनिक स्थलको एक सय मिटर वरिपरि चुरोट बेच्न र धुम्रपान गर्न पनि प्रतिबन्ध लगाएको बताए । त्यस्तै सार्वजनिक स्थलमा धुम्रपान गरेको पाइए १०० रुपैयाँसम्म जरिवाना गरिने पनि बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८०।०८।२८*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाईको मिति २०८०।०८।२५ च.नं. ६३० को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०८।२७ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपशिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा पदपूर्तिको लागि इच्छुक नेपाली नागरिकबाट दर्खास्त लिन विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल:**

| | |
|---|---|
| विज्ञापन नं | : ०१-२०८०/०८१ |
| तह पद | : प्रा.वि. (राहत करार) |
| आवश्यक संख्या | : १ (एक) |
| शैक्षिक योग्यता | : प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| उमेर | : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| परीक्षाको किसिम | : लिखित, अन्तरवार्ता कक्षा अवलोकन |
| दरखास्त दस्तुर | : नगद रु. १०००।- (एक हजार मात्र) निवेदन साथ पेश |
| तलब भत्ता | : नेपाल सरकारले राहत कोटाको लागि तोकिए बमोजिम |

दरखास्त दिने अन्तिम मिति : २०८०।०९।०४ करार खुल्ला २०८०।०९।१३
दरखास्त दिने स्थान : विद्यालय

**श्री मदन अश्रित प्राथमिक विद्यालय**
**मनहरी-५, रुन्चेडाँडा**

# प्रदेशप्रमुख शर्मा अस्पतालबाट डिस्चार्ज

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्मा बुधबार अस्पतालबाट डिस्चार्ज भएका छन् । प्रमुख शर्मालाई स्वास्थ्यमा समस्या देखिएपछि गत २३ मङ्सिरमा हेल्पिङ ह्याण्ड्स सामुदायिक अस्पताल, चावहिलमा उपचारका लागि भर्ना गरिएको थियो ।



प्रदेशप्रमुखको कार्यालय, बागमतीले प्रेस विज्ञप्तिमार्फत प्रदेशप्रमुख शर्मा स्वास्थ्यलाभ गरी घर फर्केको प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ । कार्यालयका प्रवक्ता उपसचिव गोविन्दप्रसाद पौडेलले जारी गरेको प्रेस विज्ञप्तीमा प्रमुख शर्माको उपचारमा तदारुकताका साथ खटिने चिकित्सक, नर्स र स्वास्थ्यकर्मी तथा उपचारको क्रममा सहयोग पुऱ्याउने सुरक्षाकर्मी, सरसफाईकर्मी, अस्पतालका कर्मचारी, कार्यालय तथा निजी सचिवालयका कर्मचारीलगायत स्वास्थ्यलाभको कामना गर्ने सम्पूर्ण शुभेच्छुकहरुप्रति प्रमुख शर्माले आभार व्यक्त गरेको उल्लेख छ ।

# म्यानेजमेन्टमा तीनदिने फुड मेला सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा तीन दिने फुड फेष्टिफल-२०२३ सहित बिभिन्न कार्यक्रम सुरु भएको छ । महाविद्यालयमा अध्ययनरत विद्यार्थीहरु बीच प्रतिश्पर्धा गराउँदै शिक्षालाई थप प्रभाबकारी बनाउने उद्देश्य अनुसार प्रतियोगिता सञ्चालन गरिएको कलेजले जनाएको छ ।

तीन दिनसम्म सञ्चालन हुने मेलाको बुधवार त्रिभुवन विश्वविद्यालयका एशोसिएट प्रोफेसर डाक्टर प्रमोद पौडेलले उद्घाटन गरेका छन् । बिभिन्न प्रतियोगिता सहित सुरु भएको कार्यक्रमले विद्यार्थीको शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । उनले यस्ता कार्यक्रमबाट विद्यार्थीले व्यावहारिकरुपमा आफूलाई सुधार गर्दै अघि बढ्न मद्दत पुऱ्याउने बिश्वास व्यक्त गरे ।

१० वटा फुडस्टल रहेको मेलामा विद्यार्थीले उत्पादन गरेका खानेकुराको बिक्री सहित बिभिन्न १२ बिधामा प्रतिश्पर्धा गराइने कार्यक्रम संयोजक प्रज्वला गजुरेलले बताइन् । उनका अनुसार प्रतियोगिता वक्तित्वकला, मामिला अध्ययन, फुड मेला, नाटक, आईटी क्वीज, ग्राफिक डिजाइन सहितका प्रतियोगिता सञ्चालन हुने र समापनमा सांस्कृतिक कार्यक्रम सञ्चालन हुने कार्यक्रम संयोजक गजुरेलले बताइन् ।

म्यानेजमेन्टका प्रिन्सीपल पुरणबहादुर जोशीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल कर्मश क्याम्पसमा प्रकाश श्रेष्ठ, सिटि कलेज हेटौंडाका प्रिन्सिपल श्रीबहादुर कार्की, म्यानेजमेन्टका शिक्षा बिभाग प्रमुख प्रधुम्न उपाध्यायको आतिथ्यता रहेको थियो । कार्यक्रम शुक्रबार समापन हुनेछ ।

# रोटरी क्लबको नि:शुल्क आँखा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ हेटौंडा सामुदायिक आँखा अस्पतालको सहकार्यमा रोटरी क्लब अफ हेटौंडा र रोट्र्याक्ट क्लब अफ हेटौंडाले बकैया गाउँपालिकामा नि:शुल्क आँखा शिविर गरेको छ ।

बुधबार बकैया गाउँपालिका-७, स्थित भीरकोटमा र रौतहटको फतुवा विजयपुर नगर पालिका-६, पेटभरुवामा क्लबले आँखा शिविर गरेको हो । बकैया र रौतहटको पेटभरुवामा गरेर ४ सय ७२ जनाको आँखा परीक्षण गरिएको हो । बकैयामा २ सय २१ जना बिरामीको आँखा परीक्षण गर्दा



२२ जनाको आँखा शल्यक्रिया गर्नुपर्ने देखिएको छ । रौतहटमा २ सय ५१ जनाको परीक्षा गरिँदा १ सय ९ जनाको शल्यक्रिया गर्नुपर्ने देखिएको रोटरी क्लब अफ हेटाडौंका सचिव किशोर पराजुलीले जानकारी दिए ।

रोटरी क्लब अफ हेटौंडाले वर्षको दुईपटक आयोजना गर्ने गरेको नि:शुल्क आँखा शिविर यस वर्ष मंसिर २७ गतेदेखि पौष २ गतेसम्म मकवानपुर, चितवन, र ौतहट र बारा जिल्लाका ६ वटा स्थानमा गरिरहेको छ । भोलि मंसिर २८ गते मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविमा आँखा परीक्षण सिविर हुनेछ ।

मंसिर ३० गतेसम्म आँखा शिविर र पौष १ र २ गते हेटौंडा सामुदायिक अस्पतालमा बिर ामीहरुको नि:शुल्क शल्यक्रिया गरि ने कार्यक्रम रहेको सचिव पराजुलीले बताए । क्लबको नियमित कार्यक्रमको रुपमा रहेको आँखा शिविरको लागि तास्मानिया, अस्ट्रेलियाका रोटरी क्लबहरुबाट सहयोग प्राप्त छ ।

# स्वर्गीय आफन्तको सम्झनामा चौतारो निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-१० बिसिङ्खेलमा स्वर्गीय आफन्तको सम्झनामा स्थानीय बस्नेत परिवारले चौतारो निर्माण गरिदिएको छ ।

बिसिङ्खेलको धाराचौर मा स्वर्गीय हजुरआमा कान्छी बस्नेत र काका पुरुषोत्तम बस्नेतको स्मृतिमामा हजुरबुबा ललितबहादुर बस्नेत, बुवा लक्ष्मण बस्नेत, काका हरिबल बस्नेत साथै नातिहरु अर्जुन बस्नेत, राजु बस्नेत र अमृत बस्नेतले चौतारो निर्माण गरेका हुन् । निर्माण गरिएको चौतारोको एक कार्यक्रम आयोजना गरी सहयात्री समाज सेवा गुठीलाई हस्तान्तरण गरिएको छ ।

स्वर्गीय हजुरआमा र स्वर्गीय काकाको पुण्यस्मृतिमा एक लाख दीपप्रज्वलन सहित पूजा गरी थाहा नगरपालिका प्रमुख विष्णुबहादुर विष्ट, वडा अध्यक्षहरु लगायतको उपस्थितिमा धुपिको विरुवा रोपेर चौतारो सहयात्री समाज सेवा गुठीलाई हस्तान्तरण गरिएको हो ।

# बागमती प्रदेश सरकारको रिट 'हेर्न नभ्याइने'मा

साझाकुरा संवाददाता

हेटौंडा, २७ मंसिर/ संघीय सरकारविरुद्ध बागमती प्रदेश सरकारले दायर गरेको रिट निवेदन माथि बुधवार सुनुवाई हुन सकेन । सर्वोच्च अदालतको संवैधानिक इजलासको 'हेर्न नभ्याइने' सूचीमा परेपछि बुधवारलाई तोकिएको पेशी अगाडि बढ्न नसकेको हो ।

प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ, न्यायाधीशहरु आनन्द मोहन भट्टराई, सपना प्रधानमल्ल, सुष्मालता माथेमा र कुमार रेग्मीसहितको संवैधानिक इजलासमा यो रिट निवेदनमाथि सुनुवाइका लागि बुधबार पेशी तोकिएको थियो ।

गत कार्तिक १२ गते बागमती प्रदेश सरकारले प्रदेश सरकारको क्षेत्राधिकारमाथि हस्तक्षेप भएको भन्दै संघीय सरकारविरुद्ध रिट निवेदन दायर गरेको थियो । सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ का प्रावधान संघीयताविरुद्ध रहेको बागमती सरकारको दाबी छ ।

## विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दा:

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं ।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं ।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सम्झौता गर्न आउने सम्बन्धमा

*प्रकाशित मिति: २०८०/०८/२८*

यस कार्यालयबाट मिति २०८०-०५-२६ गते थाहा नगरपालिका अन्तर्गतका विद्यालयहरुको लागि आवश्यक स्यानिटरी प्याड खरिद तथा सप्लाई कार्य (Edu–07–2080–81) शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नको लागि प्रकाशित सूचना बमोजिम २०८०-०६-११ गते दिउँसो १२ बजे भित्र पेश हुन आएका विभिन्न ३ वटा फर्म-कम्पनीका दरभाउ पत्रहरु मूल्यांकन गर्दा त्यस फर्मले पेश गरेको दरभाउपत्रमा कबोल अंक(मू.अ.क.सहित) रु.९,१०,९३६.३९ (अक्षेरुपी नौ लाख दश हजार नौशय छत्तिस पैसा उन्नाईस) मात्र यस कार्यालयको ल.ई.रु.१९,४६,००० भन्दा ५३.२५ प्रतिशतले घटी कबोल गरी न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई सो दरभाउपत्र स्वीकृत भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) अनुसार ५ प्रतिशतले हुनआउने धरौटी रकम रु.४५,५४६।- र १५% भन्दा बढी घटेर कबुल गरेको रकमको ५०%ले हुन आउने धरौटी रकम रू.४,१७,५५० गरि जम्मा रु.४,६३,००६।- यस कार्यालयको कृषि विकास बैंक पालुङ शाखाको धरौटी खाता ०५०८४०११५५७३८०३०मा जम्मा गरेको भौचर वा २०८१ असार मसान्त सम्म म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकको जमानत (Performance Bond)सहित पत्रको मितिले ७ (सात) दिन भित्र ठेक्का सम्झौता गर्न उपस्थित हुन जानकारी गराईन्छ ।

| ठेक्का नं. | स्वीकृत गरिएको ठेक्का र कामको विवरण | ल.ई. रकम (मू.अ.क. सहित) रु. | कवोल गरेको रकम (मू.अ.क. सहित) | बैंक ग्यारेण्टी/धरौटी वापत पेश गर्नु पर्ने रकम रु. | बैक ग्यारेण्टीको म्याद |
|---|---|---|---|---|---|
| २०८०/०८१-०७ | स्यानिटरी प्याड खरिद | १९,४६,००० | ९,१०,९३६.३९ | ४,६३,००६।- | २०८१ असार मशान्त |

**प्रमुख प्रशासकीय अधिकृत**

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
हेटौंडा, मकवानपुर

## प्रस्ताव आव्हान्सम्बन्धी सूचना

*दोस्रो पटक सूचना प्रकाशित मिति: २०८०/०८/२७*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रममा बढीमा ५० प्रतिशत लागत साझेदारीमा संचालनका लागि इच्छुक आवेदकहरुबाट प्रस्ताव पेश गर्न मिति २०८०।०७।२१ प्रथम पटक सूचना प्रकाशन भएकोमा कार्यालयको वार्षिक कार्यक्रम तथा लक्ष्य अनुसार पर्याप्त आवेदनहरु दर्ता नभएको हुँदा दोस्रो पटक सूचना भएको मितिले १५ दिन (२०८०।०९।११) गते भित्र यस कार्यालयमा रु. १० को हुलाक टिकट टाँस गरी पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम कार्यविधि, २०७८ को अनुसूची-३ बमोजिमको आवेदन पत्र र अनुसूची-४ बमोजिमको कार्ययोजना संलग्न राखी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र हेटौंडा, मकवानपुरमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका तथा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**कार्यक्रमहरु**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यक्रमको तर्फबाट प्रति इकाई अनुदान रकम | न्यूनतम मापदण्ड | प्रस्ताव पेश गर्न सक्ने साझेदारी | संचालन गर्न सकिने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|---|
| १ | मत्स्य पोखरी क्षेत्र विस्तार तथा उत्पादकत्व बृद्धि कार्यक्रम | हेक्टर | ५ | नयाँ मत्स्य पोखरी निर्माण प्रति हेक्टर बढीमा रु. ५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | नयाँ मत्स्य पोखरी निर्माण गर्नुपर्ने | कृषक समूह निजी/सहकारी/उद्यमी | नयाँ मत्स्य पोखरी निर्माण |

**आवेदन पत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।
२. कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज) ।
४. कृषक समूह/समिति/सहकारी साझेदारीको हकमा बैठक निर्णयको प्रतिलिपि ।
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा पाँच (५) वर्ष करार सम्झौता पत्र ।
६. सम्बन्धित स्थानीय तहको सिफारीस ।
७ अनुसूची -६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा ।
८. समूह/सहकारीले अनुदान माग गर्दा अनिवार्यरूपमा कृषक छनौट गरी कृषकको नाम र ठेगना खुलाइएको पत्र ।
९. आवेदकले विगतका वर्षमा सोही प्रकृतिको कार्यक्रममा २ लाखभन्दा बढी अनुदान लिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र ।
१०. कुनै बित्तिय संस्था या सरकारी निकायको कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।
११. वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि स्व-घोषणापत्र ।

नोट: कार्यक्रमको विस्तृत विवरणको लागि ९८५५०२७७३० मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम कार्यविधि, २०७८ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाको वेबसाइट https//molmac.bagamati.gov.np/ वा फेसबुक (Veterinary Hospital makawanpur) बाट डाउनलोड गर्न सकिन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना